# राष्ट्रिय सहकारी बैंक लिमिटेडको

## कर्मचारी प्रशासन कार्यबिधि २०६१ को आठौं संशोधन २०७९ को लागि प्रस्तावित ३ (तीन) महले विवरण :

<table>
<tr><th>संसोधित दफा वा उपदफा</th><th>साविकको व्यवस्था</th><th>प्रस्ताबित व्यवस्था</th><th>कारण</th></tr>
<tr><td>२५. परीक्षणकाल</td><td>(२) परीक्षणकालमा रहेको कर्मचारीको सेवा सन्तोषजनक नदेखिएमा सेवाबाट हटाउन सकिनेछ ।।</td><td>(२) परीक्षणकालमा रहेको कर्मचारीको सेवा सन्तोषजनक नदेखिएमा बढिमा ६ महिना सम्म परीक्षणकाल थप गर्न सकिनेछ । यदि सो अवधि पश्चात पनि सन्तोषजनक नदेखिएमा सेवाबाट हटाउन सकिनेछ ।</td><td>आइपर्न सक्ने व्यवहारिक अवस्थामा स्पष्टताका लागि</td></tr>
<tr><td>९६. काज सम्बन्धी व्यवस्था</td><td>थप गनुपर्ने ।</td><td>(८) कुनै कर्मचारीलाई सात दिन भन्दा बढि काजमा खटाउनु पर्ने भएमा दैनिक भ्रमण भत्ताको सट्टामा सो स्थानमा पाउने वेजिल्ला भत्ता मात्र उपलब्ध गराईनेछ ।<br>(९) कुनै शाखा कार्यालयले काजमा कर्मचारी माग गरेमा सो कर्मचारीको काजमा रहेको अवधिको सम्पूर्ण खर्च कर्मचारी माग गर्ने शाखाले व्यहोर्नु पर्नेछ ।</td><td>व्यवहारिकता र मितव्ययीताको लागि</td></tr>
<tr><td>अनुसूची - ८</td><td>(दफा ३९ (ख), (आ), (३) सँग सम्वन्धित)<br>औषधोपचार विमाको अधिकतम सिमा<br><table><tr><th>क्र.सं.</th><th>विवरण</th><th>विमाङ्क सिमा</th></tr><tr><td>१.</td><td>सहायक प्रबन्धक पद देखि माथिका कर्मचारीहरु</td><td>रु.१,००,०००/-</td></tr><tr><td>२.</td><td>अधिकृत तथा सहायक अधिकृत तहका कर्मचारीहरु</td><td>रु.७५,०००/-</td></tr><tr><td>३.</td><td>बरिष्ठ सहायक देखी तलका कर्मचारीहरु</td><td>रु.५०,०००/-</td></tr></table></td><td>(दफा ३९ (ख), (आ), (३) सँग सम्वन्धित)<br>औषधोपचार विमाको अधिकतम सिमा<br><table><tr><th>क्र.सं.</th><th>विवरण</th><th>विमाङ्क सिमा</th></tr><tr><td>१.</td><td>संचालक समिती तथा लेखा सुपरीबेक्षक</td><td>रु.१,००,०००/-</td></tr><tr><td>२.</td><td>सम्पूर्ण तहका कर्मचारीहरु</td><td>रु.१,००,०००/-</td></tr></table></td><td>श्रम ऐन २०७४ दफा ५४ अनुरुप कम्तीमा १ लाख रुपैयाँ बराबरको औषधि उपचार बीमा गराउनुपर्ने व्यवस्था रहेकोमा सो अनुरुप समायोजन र समितिलाई समेत समेट्न वाञ्छनीय भएकोले</td></tr>
</table>